<u>बारा जिल्लाको कलैयामा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा</u>

# ब्यवसायिक तरकारी खेती तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ पौष १९ गतेदेखि २१ गतेसम्म बारा जिल्लाको कलैयामा **"ब्यवसायिक तरकारी खेती तालिम"** सम्पन्न गरेको संस्थाका कलैया शाखा कार्यालयका प्रमुख महानन्द दासले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु विकास कुमार साह, समसुल हक मिया दर्जी, राजेश प्रसाद यादव रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधिकृत हरेराम राउतले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाका कलैया शाखाका प्रमुख महानन्द दासले प्रकाश पारेका थिए ।

तालिममा तरकारी खेतीको परिचय, महत्व तरकारी खेतीको लागि जग्ग छनोट, नर्सरी ब्यवस्थापन, जग्गा तैयारी बीउ उपचार, बैमौसमी तरकारी खेती प्रविधि आवश्यकता, प्रयोग, फाईदा, बेफाईदा बारे जानकारी, विभिन्न तरकारी वाली समूहको खेती प्रविधि सम्बन्धी जानकारी, खेती गर्दा सिंचाईको अवस्था, विधि चाहिने मलखादको प्रयोग, वालीमा हानी नोक्सानी गर्ने किराहरु, रोकथाम गर्ने तरिका, तरकारी बालीको उत्पादन, भण्डारण, बजारिकरणका तरिका, तरकारी खेती गर्दाको खर्च, आम्दानीको लेखाजोखा सम्बन्धी विषयहरु तथा बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने कलैया शाखाका प्रमुख महानन्द दासले बताएका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका ७७ वटै जिल्लाहरुमा शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त वित्तीय संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी

१९२ वटा कार्यालयहरुको स्थापना गरी  लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।संस्थाले २०७५ मंसिर मसान्तसम्ममा ३ लाख ३३ हजार १४१ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ मंसिर मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ५२ करोड ४३ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब ३३ करोड ४२ लाख बचत परिचालन गरेको छ ।

तालिमको अन्त्यमा तालिमको  सहभागी सावित्री क्षेत्रेनी र प्रतिमा गिरीले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा तरकारी खेती गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । तरकारी खेती गरी रहेका गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका कार्यक्रम अधिकृत हरेराम राउतले जानकारी गराएका थिए । तालिमको संचालन कलैया शाखाका प्रमुख महानन्द दासले गरेका थिए ।